संवत् २०८२ साल असार ३ गते बसेको थाहा नगरपालिका नगर कार्यपालिका बैठकको निर्णयः

थाहानगर कार्यपालिका बैठक संख्या : ०१३/२०८१/२०८२

| क्र.सं. | महाशाखा/शाखा | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १ | प्रशासन शाखा | चालु आर्थिक वर्ष २०८१/०८२ मा हाल सम्मको कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको सम्बन्धमा छलफल गरियो र निर्णय प्रभावकारी कार्यान्वयनका लागि शाखा प्रमुख तथा वडा सचिवहरुलाई निर्देशन दिने । |
| २ | प्रशासन शाखा/योजना | थाहा नगरपालिकाको आ.व. २०८२/०८३ को लागि विषयगत शाखाहरुबाट प्राप्त नीति तथा कार्यक्रम दफावार छलफल गरी संशोधन सहित स्विकृतीको लागि १८ औं नगर अधिवेशनमा पेश गर्ने । |
| ३ | प्रशासन शाखा/योजना | थाहा नगरपालिकाको आर्थिक विध्येक, २०८२ दफावार छलफल गरी संशोधन सहित स्विकृतीको लागि १८ औं नगर अधिवेशनमा पेश गर्ने । |
| ४ | योजना/प्रशासन शाखा | दामन हिल्स प्राइभेट लिमिटेडलाई यस नगरपालिकाको वडा नं. ४ को सिम्भञ्ज्याङ क्षेत्रबाट केबलकार निर्माण तथा सञ्चालन गर्नका लागि लागि संघीय सरकार र बागमती प्रदेश सरकार लगायत सम्बद्ध निकाय समेतको अनुमती तथा सहमती लिई उल्लेखित कार्यको सम्भाव्यता अध्ययन (Feasibility study) तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार पार्ने सम्बन्धी कार्यमा दामन हिल्स प्राइभेट लिमिटेडले नै खर्च व्यहोर्ने गरी अनुमती प्रदान गर्ने, साथै उक्त अध्ययनको प्रतिवेदन यस नगरपालिकामा समेत उपलब्ध गराउने गरी हाललाई वातावरणीय पक्षमा नकारात्मक प्रभाव नपर्ने गरी अध्ययन अनुसन्धान कार्य गर्न अनुमती प्रदान गर्ने । |
| ५ | योजना/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिका योजना महाशाखा र प्राविधिक शाखाको सिफारिस भई आए बमोजिमका योजनाहरुको म्याद थप र VO गर्ने । |
| ६ | प्रशासन शाखा | यस नगरपालिकामा कार्यरत कर्मचारी मध्ये स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ को दफा ३० (१) र (२) बमोजिमको प्रक्रिया पुगेकाहरुलाई २०८२/०४/०१ गतेदेखि ज्येष्ठता कायम हुने गरी तहवृद्धि गर्ने । |
| ७.१ | राजश्व/आर्थिक प्रशासन शाखा | आ.व. २०८०/०८१ को बेरुजु फर्छ्यौट गर्न लेखी पठाउन स्विकृतीको लागि १८ औं नगर अधिवेशनमा पेश गर्ने । |
| ७.२ | प्रशासन शाखा | आगामी **O&M** सर्भेबाट दरबन्दी सिर्जना गर्ने गरी हाललाई एक जना कार्यालय सहयोगीको पदपुर्ति गरी कामकाजमा लगाउन तथा कार्यालय सहयोगी पदपुर्तिको लागि ७ (सात) दिने सूचना आव्हान गरी पदपुर्ति गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियारी प्रदान गर्ने । |
| ७.३ | शिक्षा/आर्थिक प्रशासन शाखा | थाहा नगरपालिका वडा नं. ११ स्थित वागेश्वरी माध्यमिक विद्यालयले चालु आ.व. मा सामाजिक विकास मन्त्रालय, बागमती प्रदेश हेटौडाको विनियोजित बजेटबाट स्कुल बस खरिद गरेकोमा भ्याट बापत भुक्तानी गर्नुपर्ने रकम भुक्तानी गर्न नसकेकोले उक्त बस विरगंज भन्सारमै रहेकोले भ्याट बापत तिर्नुपर्ने रकम रु.३,०३,४३६।- मध्ये रु.३,००,०००।- व्यवस्थापन गरिदिन ११ नं. वडा कार्यालयबाट सिफारिस प्राप्त भएकोमा उल्लेखित कार्यको लागि वडा कार्यालयको सिफारिसको आधारमा पछि सोधभर्ना हुनेगरी हाललाई वागेश्वरी माध्यमिक विद्यालयलाई रु. ३,००,०००।- निकासा गर्ने । |
| ७.४ | थाहानगर खानेपानी व्यवस्थापन बोर्ड | थाहा नगरपालिका वडा नम्बर १, २, ३ र ४ मा खानेपानी आपूर्तिका लागि गठन भएको पालुङ वृहत खानेपानी उपभोक्ता समितिको नियमित बैठक तथा अन्य खानेपानी सम्बन्धी समितिले गर्नुपर्ने गतिविधिहरु सञ्चालन हुन नसकेकोले उक्त |

| | | |
|---|---|---|
| | | सबै कार्यहरु थाहानगर खानेपानी व्यवस्थापन बोर्डबाट हुँदै आएको हुँदा सो खानेपानी उपभोक्ता समिति खारेज गरी उपभोक्ता समितिको सम्पूर्ण सम्पत्ती तथा दायित्व समेत व्यहोर्ने गरी थाहानगर खानेपानी व्यवस्थापन बोर्डबाटै खानेपानी आयोजनाहरुको काम गराउने । |
| ७.५ | थाहानगर खानेपानी व्यवस्थापन बोर्ड | चालु आर्थिक वर्ष २०८१/०८२ मा खानेपानी बोर्डका लागि विनियोजन भएको रकम मध्येबाट एकद्वार प्रणालीबाट उपभोक्तालाई सःशुल्क वितरणका लागि नगरपालिकाबाट खरिद भएको खानेपानी मिटर तथा फिटिङ्सका सामान थाहानगर खानेपानी व्यवस्थापन बोर्डलाई हस्तान्तरण गरिएकोमा उक्त बिक्रीबाट प्राप्त रकम खानेपानी क्षेत्रमा नै खर्च गर्ने गरी बोर्डको बैंक खातामा जम्मा गर्ने । |
| ७.६ | थाहानगर खानेपानी व्यवस्थापन बोर्ड | थाहानगरको खानेपानी व्यवस्थापनका लागि एक जना खानेपानी तथा सरसफाई प्राविधिक नियुक्त गरी थाहानगर खानेपानी व्यवस्थापन बोर्डमा पठाउने । |
| ७.७ | आर्थिक प्रशासन/पर्यटन | पर्यटन शाखाको लागि चालु आर्थिक वर्ष २०८१/०८२ मा पर्यटन सूचना केन्द्र निर्माण सहयोग (सिमभन्ज्याङ र चित्लाङ) शीर्षकमा विनियोजितबाट थाहा-४ सिमभन्ज्याङमा सूचना केन्द्रका लागि आवश्यक सामग्री खरिद गरी पर्यटन सूचना केन्द्र सञ्चालन स्थापना गर्ने र उक्त सूचना केन्द्रमा थाहानगरको पर्यटकीय क्षेत्रको प्वाइन्टहरु देखिने गरी सेवा परामर्श प्रक्रियाबाट नक्शा तयार गरी सूचना केन्द्रमा राख्ने । |
| ७.८ | कृषि विकास शाखा | यस थाहा नगरपालिकाका लागि किसान सूचीकरण कार्यका गर्न संघ तथा प्रदेश सरकारबाट विनियोजित बजेट तथा थाहा नगरपालिकाबाट विनियोजित बजेटबाट वडाहरुमा किसान सूचीकरण कार्य सञ्चालन भइरहेकोमा केही तथ्याङ्क संकलकहरुले किसान सूचीकरण कार्य गर्दा प्रणालीबाट प्राप्त कोड नराखी तथ्याङ्क इन्ट्री हुन गएकोमा उक्त कोड नराखी प्रणालीमा इन्ट्री भई देखिएको तथ्याङ्कको कार्यविधिले तोके बमोजिमको दररेटमा भुक्तानी दिने । |
| ७.९ | प्रशासन शाखा | साविक शिखरकोट गा.वि.स. वडा नं. ३ कि.नं. ३३९ क्षेत्रफल ज.रो.१-४-३-० र सो देखि उत्तर तर्फ र इन्द्रायणी चौर जाने सडकको दक्षिण तर्फ रहेको जग्गाको क्षेत्रफल ज.रो. ०-१३-०-० रेहेको भनि देखिन आएकोले सो ऐलानी जग्गा इलाका प्रहरी कार्यालय, पालुङलाई भोगाधिकार उपलब्ध गराउन जिल्ला प्रशासन कार्यालय, मकवानपुरमा सिफारिस गर्ने । |
| ७.१० | राजश्व शाखा/विधायन | थाहा नगरपालिकाको आन्तरिक आय संकलन तथा आय (ठेक्का बन्दोबस्त) सम्बन्धी कार्यविधी, २०८२ पारित गर्ने । |
| ७.११ | आर्थिक प्रशासन/ सामाजिक विकास | थाहा नगरपालिका वडा नं. ४ मा स्थापना भएको कोशेली घरको हाल सम्मको समिति मार्फत भए गरेका आम्दानी खर्चलाई समर्थन गर्दै कोशेली घरको हाल सम्मको दायित्व भुक्तानी कोशेली घर सञ्चालन कोषबाट गर्ने व्यवस्था गर्ने र थप व्यवस्थित ढंगबाट सञ्चालन गर्ने आवशयक नीति बनाई कार्यान्वयन गर्ने । |
| ७.१२ | शिक्षा/ सामाजिक विकास शाखा | उप-प्रमुख प्राविधिक छात्रवृती वितरण कार्यविधीको छात्रवृती रकम वितरण गर्ने सम्बन्धी अनुसुचीमा चिकित्साशास्त्र स्नात्तकोत्तर तहमा अध्ययन गर्नेलाई उपलब्ध गराउने छात्रवृती रकम रु.३,००,०००।- लाई रु.२,५०,०००।- कायम गर्ने र सिफारिस समितिको सिफारिस बमोजिम छात्रवृती वितरण गर्ने । |

(हिरेन्द्र कुमार रायमाझी)
प्रवक्ता

हिरेन्द्र कुमार रायमाझी
प्रवक्ता